(६१ औं)

# वैठकका कार्यसुचीहरु

१ यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को योजना तर्जुमा सम्वन्धमा

२ आयोजनाहरुको प्राथमिकीकरण सम्वन्धमा ।

३ विविध ।

## निर्णय नं. १

यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को योजना तर्जुमा गर्ने सम्वन्धमा वस्तीस्तर/टोलस्तरवाट देहायका प्राथिमकताका आधारमा आयोजना छनौट गरी मिति २०७७/२/२६ गते भित्र सवै वडा कार्यालयहरुवाट नगरपालिकामा पठाउने निर्णय गरियो ।

१ व्यवसायिक कृषि तथा विकास कार्यक्रम सन्चालन गर्ने ।

२ नगरपालिका भित्रका सवै वडाहरुमा स्वच्छ खानेपानी उपलव्ध गराउनुको साथै एक घर एक धारा निर्माण गर्ने ।

३ नगरपालिका अन्तरगतका प्रमुख सडकहरुको स्तरोन्ती गर्ने ।

४ कोरोना रोकथाम र नियन्त्रण सम्वन्धी कार्यहरु गर्ने ।

५ स्थानीय स्तरमा रोजगार सृजना हुने योजना तथा कार्यक्रमहरु सन्चालन गर्ने ।

६ एक वडा एक पार्क निर्माण कार्य गर्ने ।

७ एक वडा एक जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्ने ।

## निर्णय नं. २

यस नगरपालिका अन्तगरगत स्वास्थ्य शाखा र विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको मार्गदर्शन वमोजिम १ महिनाको खाइ पाइ आएको तलवको फन्टलाइनमा काम गर्ने कर्मचारीहरुलाई एक महिनाको पुरै र अन्य कर्मचारीहरु (कालिका सामुदायिक अस्पतालका कर्मचारीहरु समेत) लाई ५०% रकम उपलव्ध गराउने निर्णय गरियो ।

## ६२ औ कार्यपालिका बैठकको कार्यसूचीहरु

१. आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. नगर सभाको मिति तय गर्ने सम्बन्धमा

३. विविध

## कार्यपालिकाको बैठकको निर्णयहरु

निर्णय नं १

कार्यपालिका बैठकमा पेश भएको आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटमा व्यापक छलफल भइ स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिकाको छैटौ नगर सभा मिति २०७७ आषाढ ८ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. १

भिरकोट नगरपालिकाले विगत देखि नै वाल, अधिकार संरक्षणको लागि आत्मसाथ गरि सकेकोले आफ्नो नीतिगत आधार वनाइ संस्थागत रुपले कार्य सन्चालनमा एकरुपता ल्याउन नेपालको संविधानको भाग १८ धारा २२६ तथा भाग ३ धारा ३१ र स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ अनुसारको अधिकार प्रयोग गरी २०७७ साल वैसाख १३ गते यस नगरपालिका सँगको भिडियो कन्फ्रेन्समा छलफल गरी उक्त नीति कार्यविधीहरुको प्रारम्भिक मस्यौदा तयार गर्न वालमैन्त्री राष्ट्रिय सहजकर्ता श्री विष्णु प्रसाद चतुर्वेदी चौवे लाई जिम्मेवारी दिई कार्यपालिकाको वैठकमा अन्तिम मस्यौदा तयार गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भिरकोट नगरपालिका वडा नं. ५ को नेपाल सरकारवाट पर्यटकीय गन्तव्य स्थलमा सुचिकृत स्वरेक मैदानको फलाटेमा पर्वतिय ताल निर्माणको सम्भावना रहेको हुँदा उक्त स्थानमा जलासययुक्त पर्वतिय ताल निर्माण गर्न संस्कृती पर्यटन तथा नागरिक उड्यान मन्त्रालयमा कार्यक्रम स्वीकृतिको लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वजेट तथा कार्यक्रमको सम्वन्धमा अध्ययन गरी वजेटको खाका सहितको प्रतिवेदन पेश गर्न देहाय वमोजिमका सदस्यहरु भएको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः सिमा के सि कर्मचार्य

सदस्यः श्री दिपेन्द्र के. सी.

सदस्यः कमल त्रिपाठी

सदस्यः चन्द्र वहादुर वस्नेत

सदस्यः याम प्रसाद अधिकारी

## निर्णय नं १

भीरकोट नगरपालिकाको ६३ औ कार्यपालिको बैठकको निर्णयानुसार उप-प्रमुख सिमा के.सी कर्माचार्यको संयोजकत्वमा गठित बजेट निर्माण समितिले आर्थिक वर्ष २०७७/०७८ को लागि प्रस्ताव गरेको बजेट तथा कार्यक्रमको खाकामा छलफल गरियो ।

## निर्णय नं २

सह-लगानी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत भीरकोट नगरपालिका वाड न. १,२,र ४ मा संचालन भइरहेको **बयरघारी खानेपानी तथा सरसफाई आयोजनाको** कुल अनुमानित लागत रु.७,२१,८४,०४८।२९(अक्षेरुपी सात करोड एक्काईस लाख चौरासी हजार अठचालिस रुपैया उनन्तिस पैसा) मध्ये सहलगानी आयोजना ब्यबस्थापन कार्यालय बाट प्राप्त हुने अनुदान रकम ७० प्रतिशत का दरले रु.५,०५,२८,८३३।८० (अक्षेरुपी पाच करोड पाच लाख अठाईस हजार आठसय तेत्तिस रुपैया असी पैसा) को सुनिश्चितता भई सकेको र उपभोक्ताको तर्फ बाट ब्यहोर्नु पर्ने ३० प्रतिशत का दरले हुने रु. २,१६,५५,२१४।४८(अक्षेरुपी दुई करोड सोह्रलाख पचपन्न हजार दुई सय चौध रुपैया अठचालिस पैसा)मध्ये १० प्रतिशत रकम रु. ७२,१८,४०४।८३(अक्षेरुपी बहत्तर लाख अठार हजार चार सय चार रुपैया त्रियासी पैसा)उपभोक्ता समिति बाट अग्रीम व्यवस्थापन भइसकेको हुँदा आयोजना सम्पन्न गर्नको लागि नगर विकास कोषबाट प्राप्त हुने २०% ऋण रकम रु १,४४,३६,८०९।६५ (अक्षेरुपी एक करोड चवालिस लाख छत्तिस हजार आठ सय नौ रुपैया पैसठ्ठी पैसा) को ऋण धन जमानी गरिदिनका लागि बयरघारी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाटअनुरोध भई आएकोले नगर विकास कोष र समिति विच हुने ऋण सम्झौतामा धन जमानी प्रदान गर्ने र सो धन जमानीमा हस्ताक्षर गर्ने यस नगरपालिकाका नगर प्रमुख श्री छायाराम खनालज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**निर्णय नं १**

यस नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम र बजेट बक्तव्य स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

भीरकोट नगरपालिकाको आर्थिक ऐन २०७७, र बालबालिका सम्बन्धी ऐन र कार्यविधी २०७७ स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

साविक दार्सिङ्ग दहथुम वडा नं. ८ हाल भीरकोट नगरपालिका वडा नं. २ को कृषि सेवा केन्द्रको नाममा जग्गा धनी प्रमाण पुर्जा प्राप्त भई हाल भीरकोट नगरपालिकाको भोगाधिकारमा रहेको कि. नं.६०० क्षेत्रफल १-२-३-०,६०१ को क्षेत्रफल ०-१०-१-२ र कित्ता नं १४८४ को क्षेत्रफल ५-११-३-१ मध्य सिद्धार्थ राजमार्गदेखि दक्षिण पूर्व मोहोडातर्फ भू.पू. सैनिक इङ्लिस बोर्डिङ्ग स्कूल जाने गोरेटो बाटो सम्मको ३ रोपनी जग्गा दहथुम प्रहरी चौकीको भवन निर्माण गर्नका लागि उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १

औधोगिकग्राम घोषणा तथा सन्चालन कार्यविधी २०७५ बमोजिम औधोगिकग्राम घोषणा गर्नको लागि भिरकोट नगरपालिकाको वडा नं. ४ मा पर्ने पूर्वमा लोहोसे बसेनी सामुदायिक वन, पश्चिममा दिपक थापा र कृष्ण वहादुर थापा समेतको जग्गा रहेका गैह्राबारी भन्ने स्थान, उत्तरमा लोहोसे बसेनी सामुदायिक बन र चामडाडा र दक्षिणमा एक बहादुर वस्नेत र [illegible]त रेग्मी समेतको जग्गा रहेको राङ्गथाङ्ग भन्ने स्थानको बीचमा पर्ने करिब ५० रोपनी जग्गामा औधोगिकग्राम घोषणा गर्नको लागि आवश्यक कागजपत्र सहित गण्डकी प्रदेश उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं-२

यस नगरपालिकामा स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरुले कार्य प्रारम्भ गरेको अवधी देखी २०७७ आसाढ मसान्त सम्म विगत ३ वर्षमा भएका आर्थिक सामाजिक एवं पूर्वाधार विकास समेतका विषयबस्तु एवं कृयाकलापहरु समेटी **भिरकोट नगरपालिकाको ३ वर्ष** नामक पुस्तक प्रकाशन गर्न देहायका व्यक्तिहरु रहेको प्रकाशन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री सिमा केसी कर्माचार्य | संयोजक |
| श्री राजेन्द्र प्रसाद पौडेल | सदस्य |
| श्री दिपेन्द्र के.सी. | सदस्य |
| श्री याम प्रसाद अधिकारी | सदस्य |
| श्री कमल त्रिपाठी | सदस्य |
| श्री लक्ष्मण खत्री क्षेत्री | सदस्य |
| श्री कमल कोइराला (विज्ञ) | सदस्य |
| श्री अमृत अर्याल ( पत्रकार) | सदस्य |
| श्री याम प्रसाद रेग्मी | सदस्य सचिव |

निर्णय नं ३

भीरकोट नगरपालिका वडा नं १ हेलुमा रहेको कालिका सामुदायिक अस्पतालको ११ औ साधारण सभाबाट उक्त अस्पतालको सम्पत्ति, स्वामित्व र दायित्व समेत यस भीरकोट नगरपालिकालाई हस्तान्तरणको गर्ने निर्णय भई आएकोमा उक्त अस्पतालको नाममा रहेको जग्गा, भवन, उपकरण लगायतको सम्पत्ति समेतको स्वामित्व ग्रहण गरी अस्पताल व्यवस्थानको जिम्मा लिने निर्णय गरियो । अस्पताल संघीय सरकार, प्रदेश सरकार, पुतलीवजार नगरपालिका, वालिङ नगरपालिका र अर्जुनचौपारी गाउँपालिकासँग समन्वय सहकार्य र सहयोग लिइ सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को कारणबाट औपचारीक रुपमा विद्यालय सन्चालन हुन नसकेकोले अनौपचारिक रुपमा पठन पाठन कार्यलाई अगाडी वढाउन उपयुक्त देखि कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको लागि ९० दिन स्वाध्यायन सामाग्री तयार गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिका अन्तर्गतका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको लागि स्थानीय आवश्यकतालाई मध्यनजर गरी सम्बन्धित विषयविज्ञहरु सँग परामर्श गरी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ६

यस वर्षको अविरल वर्षाको कारण आएको बाढी पहिरोबाट नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुका विभिन्न वस्तीका घरहरु र कृषी उपज जमिनमा क्षति पुर्याएको हुँदा सो को स्थलगत अनुगमन एवम् अध्ययायन गरी प्रतिवेदन तयार गर्न निम्नानुसारका सदस्य रहेको दैविक प्रकोप तथा विपद् व्यवस्थापन उप समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| श्री बाबुराम श्रेष्ठ | संयोजक |
| श्री भीम बहादुर गुरुङ्ग | सदस्य |
| श्री शेषकान्त अर्याल | सदस्य |
| श्री विन्दु खड्का | सदस्य |
| श्री सिता खत्री क्षेत्री | सदस्य |
| श्री याम प्रसाद रेग्मी | सदस्य सचिव |

निर्णय नं ७

नेपाल जेसिसको क्षेत्रीय सम्मेलनको लागि भीरकोट जेसिस को माग निवेदन बमोजिम उक्त कार्यक्रम सन्चालनको लागि रु १०००००/- एक लाख आर्थिक सहयो गर्ने निर्णय गरियो ।

निर्णय नं ८

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुद्दिढिकरण आयोजना संचालन निर्देशिका २०७४ (दोस्रो संशोधन २०७६) बमोजिम स्थानीय स्तरमा आयोजना संचालनमा सहजिकरण गर्न देहाय बमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री छायराम खनाल | नगर प्रमुख | अध्यक्ष |
| श्री राजेन्द्र प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री तन बहादुर गुरुङ्ग | वडा अध्यक्ष | सदस्य |
| श्री नविन थापा | शिक्षा शाखा प्रमुख | सदस्य |
| श्री याम प्रसाद रेग्मी | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | सदस्य सचिब |

निर्णय नं ९

भीरकोट नगरपालिकाको विभिन्न पूर्वाधार निर्माण कार्यको लागि देहायको स्थानहरुमा निम्न बमोजिमको जग्गा खरिद गर्नुपर्ने भएको हुँदा मालपोत कार्यालय स्याङ्गजा/वालिङ्ग ले आर्थिक वर्ष २०७७/७८ को लागि तोकेको न्यूनतम मूल्याङ्कनको दररेट भित्र पर्ने गरी जग्गा खरिद गर्ने निर्णय गरियो ।

क. साविक ढापुक सिमलभञ्ज्याङ्ग गाविस वडा नं ७ का कित्ता नं ६८८, ६८९, ६९०, ६९१, ६९२, ६९३, ६९४, ६९५, ६९६ (हाल भिरकोट नगरपालिका वडा नं-८) गडहरे गुफाको आसपासका जग्गाहरु

ख. साविक कालिकाकोट गाविस वडा न ६. का कित्ता नं ७८८, ७८९, १३२७, १३२८ (हाल भिरकोट नगरपालिका वडा नं-९) गडहरे गुफा आसपासको जग्गाहरु

ग साविक दार्सिङ्ग दहथुम गा.वि.स वडा नं ३ का कित्ता नं २४५८, (हाल भिरकोट नगरपालिका वडा नं-१)

प्रशासकीय भवन निर्माण सँग जोडीएको जग्गाहरु

घ साविक वराहकालिका गा.वि.स वडा नं ७ को कित्ता नं १७७६ (हाल भिरकोट नगरपालिका वडा नं-४) को

फोहोर मैला व्यवस्थापन केन्द्र आसपासको जग्गाहरु

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १०

यस नगरपालिकामा रहेका डोजरहरु व्यवस्थित रुपमा संचालन गर्नको लागि कार्यविधी निर्माण गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका पदाधिकारी रहेको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री चन्द्र बहादुर बस्नेत | सदस्य |
| श्री याम प्रसाद अधिकारी | सदस्य |
| श्री भिम बहादुर गुरुङ्ग | सदस्य |
| श्री देपन्द्र के.सी | सदस्य |
| श्री राम प्रसाद खनाल | सदस्य सचिब |

निर्णय नं ११

यस नगरपालिकामा घ वर्गको इजाजतको प्रमाण पत्रको लागि दरखास्त दिएको फर्महरु मध्ये कार्यविधी बमोजिम प्रकृया पुगेका फर्महरुको लागि नियमानुसार घ वर्गको इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

कोरना भाइरसको रोकथाम र नियन्त्रणको लागि यस नगरपालिकाको क्वारेन्टाइन स्थल व्यवस्थापन र क्वारेन्टाइनमा वसेका व्यक्तीहरुको खाना खाजा खर्च वापत यस आर्थिक वर्षमा खर्च भएको रकम रु १५३७६७१/- अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

साविक वराहकालिका वाड नं. ७ हाल भिरकोट नगरपालिका वडा नं ४ को कि. नं. १७७६ मा रहेका शिशैका रुखहरु पार्क निर्माणको प्रयोजनको लागि भिरकोट नगरपालिका वडा नं. ४ निवासी वावुराम अर्यालसँग रु ४००००/- (अक्षेरुपी चालिस हजार) मा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं १४

भीरकोट नगरपालिकाका नगर उप-प्रमुख सिमा के.सी कर्माचार्यकी ममतामयी माता भीरकोट नगरपालिका वडा नं १ जगतपुर निवासी स्व.लक्ष्मी के.सीको ७३ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा यस नगरपालिका परिवार ज्यादै दुखित भएको छ । यस दुखद घडिमा शोक सन्तव्ध परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै सम्पुर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. १५

आ.व. २०७६/०७७ मा तपसिलमा उल्लिखित फर्महरुले तपसिलका बाटोहरुमा सडक उपयोग सेवा शुल्क उठाएकोमा बन्दाबन्दीको कारणले २०७६ चैत्र देखि २०७७ आषाढसम्म करीब ४ महिना सवारी साधन नचली सडक उपयोग सेवा शुल्क उठाउन नपाएको हुँदा आ.व. २०७६/०७७ को कबोल अंक नघट्ने गरी सडक उपयोग सेवा शुल्क उठाउन दिने र हेलु अर्जुनचौपारी सडकको हकमा अर्जुनचौपारी गाउँपालिकासंग आ.व. २०७६/०७७ मा भएको सम्झौता बमोजिम नै हुने गरी सोही प्रक्रिया अवलम्बन गरी सडक उपयोग सेवा शुल्क उठाउने गरी भएको निर्णयलाई अनुमोदन/समर्थन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | ठेक्काको नाम | फर्मको नाम | ठेक्का रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | बयरघारी-बगरेबजार-ढापुक पर्वत ग्रा.स. | प्रेम कृष्ण कन्ट्रक्सन भी.न.पा.-९ | ४,०२,०००।- (४,५४,२६०) मू.अ.कर सहित | |
| | बयरघारी-बगरेबजार-मोहनडाँडा टापु ग्रा.स. | | | |
| | बयरघारी-बगरेबजार-स्वरेक टापु ग्रा.स. | | | |
| | बयरघारी-पुलको मुख चुनडाँडा तिसेदी ग्रा.स. | | | |
| २. | बयरघारी-जगतपुर केघा ग्रा.स. | भीरकोट कन्ट्रक्सन भी.न.पा.-३ | ३,४०,१३०।- मू.अ.कर सहित | |
| | बयरघारी-बानेथोक विरुवा ग्रा.स. | | | |
| | छाङछाङ्दी दभुङठाँटी ग्रा.स. | | | |

## बैठकका कार्यसूचीहरु

- ढुंगा गिट्टी बालुवा सम्बन्धमा ।
- विविध ।

निर्णय नं १

ढुंगा, गिट्टी, बालुवाको अभावले सार्वजनिक निर्माण सेवाका कार्यहरु गर्न अपठ्यारो पर्न गएकोले भीरकोट नगरपालिका क्षेत्रभित्रका ट्याक्टर व्यवसायीहरुलाई ढुंगा ,गिट्टी बालुवा संकलन गर्नको लागि व्यवसायीहरु संग सम्झौता गरी १५ दिनको प्रति ट्याक्टर रु ५०००/- का दरले एकमुष्ट रकम भुक्तानी लिई हाल लाई मिति २०७७/६/२३ देखि २०७७/७/७ सम्म आधिखोलाको ढूगा, गिट्टी बालुवा संकलन तथा निकासी गर्ने निर्णय गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिकामा विगत आर्थिक वर्ष ०७६/०७७ मा संचालन भएका योजना तथा कार्यक्रमहरुको समिक्षा सहितको प्रतिवेदन पेश गरी चालु आर्थिक वर्ष ०७७/०७८ का योजना तथा कार्यक्रमहरुको संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

युवा तथा खेलकुद मन्त्रालयवाट मिति २०७७/६/५ मा स्थानीय तहमा खेल पुर्वाधार निर्माणको लागि प्रस्तावित सूचना अनुसार भिरकोट नगरपालिका वडा नं. १ को सिसैधारीमा खेल मैदान निर्माणको लागि नगरपालिकावाट लागत सहभागिता वापतको लागत स्टिमेटको ३०% रकम व्यहोर्ने प्रतिवद्धता सहित युवा तथा खेलकुद मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## ६८ औ बैठकका कार्यसूचीहरु

१.बाढी पहिरोबाट भएको क्षतिको प्रतिवेदन सम्बन्धमा ।

२.कृषि नीति निर्माण सम्बन्धमा ।

३.बेरोजगारहरुको सूचि अनुमोदन गर्ने सम्बन्धमा ।

४.विविध

निर्णय नं १

भीरकोट नगरपालिका क्षेत्र भित्र बाढी पहिरोबाट भएको क्षतिका सम्बन्धमा पेश भएको प्रतिवेदनमा छुट भएका व्यक्ति, घर परिवारहरुको नाम समावेश गरी विस्तृत विवरण सहितको प्रतिवेदन तयार गरी आगामी कार्यापालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं २

भीरकोट नगरपालिकाको कृषि नीति निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरी आपसी सहयोग केन्द्र (आस्क नेपाल) संग सम्झौता र सहकार्य गरी तयार गर्ने निर्णय गरियो।

निर्णय नं ३

प्रधानमन्त्रि रोजगार कार्यक्रमको लागि भीरकोट नगरपालिकाको रोजगार केन्द्रमा निवेदन पेश भइ बेरोजगार सुचिमा सूचिकृत भएका ८४१ जना बेरोजगारहरुको सुचिलाई अनुमोदन गर्ने निर्णय गरियो।

## ६९ औ कार्यापालिका कार्यसूचीहरु

- वर्षाका कारणबाट भएको क्षतिको प्रतिवेदन सम्बन्धमा ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
- विद्यालय संचालन सम्बन्धमा ।
- विविध

निर्णय नं -१

चालु आर्थिक वर्ष २०७७/०७८ मा वर्षाको कारणबाट बाढीपहिरो गइ भएको क्षतिको सम्बन्धमा स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्न यस नगरपालिकाको मिति २०७६/०६/०५ गतेको बैठकबाट गठित उप समितिले मिति २०७७/०८/०४ गते यस कार्यालयमा दिएको प्रतिवेदनको आधारमा दैवी प्रकोपबाट क्षति भएका व्यक्ति वा परिवारलाई प्रतिवेदनमा उल्लेखित देहायका वर्गलाई निम्नानुसारको रकम वा जिन्सी समान उपलब्ध गराउने ।

१. पूर्ण रुपमा घर क्षती भएको (क) वर्गका प्रतिवेदनमा उल्लेखित व्यक्ति वा घर परिवारलाई प्रति परिवार रु २५ हजार ।
२. घर आगन वा घर पछाडी पहिरो गइ क्षति भएको वा घर चर्कि मर्मत गर्नुपर्ने (ख) वर्गका प्रतिवेदनमा उल्लेखित व्यक्ती वा घर परिवारहरुलाई रु १० हजार
३. गोठ वा धन्सार क्षति भएको प्रतिवेदनमा (ग) वर्गमा उल्लेख भएका व्यक्ती वा घर परिवारहरुलाई रु ५ हजार

निर्णय नं-२

पुतली बजार नगरपालिका वडा नं १ स्थित लक्ष्मी स्मृती सामुदायिक पुस्तकालयबाट सञ्चालित स्याङ्गजा टेलिभिजनको माग निवेदन अनुसार स्याङ्गजा टेलिभिजनलाई रु २५,०००/- (पच्चीस हजार) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं-३

नेपाल सरकार शिक्षा मन्त्रलायको मिति २०७७/०७/२० को (मन्त्रिस्तर) निर्णयबाट स्वीकृत विद्यालय संचालन सम्बन्धी कार्य ढाँचा २०७७ बमोजिम विद्यालय संचालन पूर्व गर्नुपर्ने तयारी गरी जनस्वास्थ्य र सुरक्षाको सम्पूर्ण मापदण्ड पुरा गर्ने, न्यूनतम भौतिक दुरी सहितिको कक्षाकोठा बसाइ व्यवस्थापन गरी विद्यालय संचालन सम्बन्धी कार्य ढाचाँ २०७७ मा उल्लेखित विकल्पहरु मध्ये आफ्नो विद्यालयलाई उपयुक्त हुने विकल्प छनौट गरी अभिभावकहरु समेतको राय परामर्श लिइ विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराइ विद्यालय संचालन गर्न भीरकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयहरुलाई जानकारी गराउने ।

निर्णय नं-४

भीरकोट नगरपालिकालाई **बालमैन्त्री स्थानीय शासन घोषणा**को लागि निर्धारित सूचकहरुको सम्बन्धमा स्थानीय स्तरमा छलफल गरी २०७७ माघ मसान्त सम्म भीरकोट नगरपालिकालाई बालमैन्त्री नगरपालिका घोषणा गर्ने साथै विगत देखी कार्यरत नगर सहजकर्ता एंव वडा सहजकर्तालाई मिति २०७७/०९/०१ देखी २०७७/११/३० सम्मको निजहरुले खाईपाई आएको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं-५

भीरकोट नगरपालिकालाई आर्थिक वर्ष २०७७/०७८ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गर्न रु ५१,७०,०००/- र कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजनाको लागि ३२,५८,०००/- प्राप्त भएकोले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा ३ बमोजिम वडागत रुपमा सुचिकृत वेरोजगारहरुको संख्याको आधारमा वजेट बाडफाड गर्ने तथा श्रममुलक आयोजना छनौट र वेरोजगार अभिमुखिकरण गराउने जिम्मा सम्बन्धित वडालाई दिने तथा नयाँ आयोजना संचालन गर्नुपर्ने भएमा नगर सभाबाट स्वीकृत आयोजनाहरुमा कार्यविधि र निर्देशिका बमोजिम आयोजना संचलनका लागि लागत इष्टिमेट र बजेटको सिमा भित्र रहि निर्माण सामाग्री उपलब्ध गराउने ।

निर्णय नं-६

भीरकोट नगरस्तरिय स्थानीय पाठ्यक्रमको मस्यौदा अध्ययन गरी सुझाब पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| क्र.स | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | दिपेन्द्र के.सी | संयोजक/अध्यक्ष | नगर प्रवक्ता |
| २ | कमल त्रिपाठी | सदस्य | वडा अध्यक्ष |
| ३ | चन्द्र बहादुर बस्नेत | सदस्य | वडा अध्यक्ष |
| ४ | लक्ष्मण खत्री क्षेत्री | सदस्य | वडा अध्यक्ष |
| ५ | भिम बहादुर गुरुङ्ग | सदस्य | वडा अध्यक्ष |
| ६ | विष्णु माया काफ्ले | सदस्य | कार्यपालिका सदस्य |
| ७ | देवकी रेग्मी | सदस्य | प्रतिनिधी/सामुदायिक विद्याल |
| ८ | जीवन अर्याल शर्मा | सदस्य | प्रतिनिधी/संस्थागत विद्यालय |
| ९ | विष्णु प्रसाद कोइराला | सदस्य सचिब | शिक्षा शाखा प्रमुख |

## ७० औ कार्यपालिका बैठकका कार्यसूचीहरु

१. बालमैत्री स्थानीय शासन सम्बन्धी ।

२. भुमिहिन, दलित भुमिहिन सुकुम्बासी र अवस्थित बसोबासीहरुको भुमीसम्बन्धी समस्या समाधान र सहजिकरण सम्बन्धमा ।

३. विविध

निर्णय नं. १

भीरकोट नगरपालिकालाई बालमैत्री घोषणा गर्न वडास्तर र नगरस्तरका बालक्लव/बाल संजालहरुलाई पुनः क्रियाशिल गराई नगरस्तरीय समितिबाट अनुगमन गरी, आवश्यक सूचकहरु पूरा गरी २०७७ साल माघ मसान्तसम्म बालमैत्री नगरपालिका घोषणा गर्न तयारी अवस्थामा रहने ।

निर्णय नं. २

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहेको भीरकोट नगरस्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजिकरण समिति गठन गर्ने ।

| क.स | नामथर | पद | | कैफियत |
|---|---|---|---|---|
| १ | श्री छायाराम खनाल | संयोजक | नगर प्रमुख | |
| २ | श्री सिमा के.सी कर्माचार्य | उपाध्यक्ष | नगर उपप्रमुख | |
| ३ | श्री | | | |
| ४ | श्री | | | |
| ५ | श्री विष्णु माझी | कार्यापालिका सदस्य | सदस्य | |
| ६ | श्री दुर्गा कोइराला | कार्यापालिका सदस्य | सदस्य | |
| ७ | श्री जगन्नाथ अर्याल | भीरकोट-५ | सदस्य | |
| ८ | श्री पार्वती बस्नेत | भीरकोट-४ | सदस्य | |
| ९ | श्री राजेन्द्र प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिब | |

निर्णय नं. ३

भीरकोट नगरपालिका वडा नं. ६ को आँधीखाल्टमा ४० रोपनी जग्गा प्रतिरोपनी बार्षिक रु.१७,०४५।- (अक्षरुपी सत्र हजार पैचालिस मात्र ।) का दरले ५ वर्षका लागि जग्गा भाडामा लिई भीरकोट नगरस्तरीय नमुना कृषि फर्म स्थापना गरी कार्यक्रम अगाडी बढाउने ।

निर्णय नं. ४

भीरकोट नगरपालिका अन्तर्गत नगरपालिका स्थापना हुनुपूर्व निर्माण भई हालसम्म अभिलेखीकरण नभएका/छुट भएका तथा नगरपालिका घोषणा भएपछि नक्सा पास नगरी निर्माण

भएका घर/भवनहरुको अभिलेख लिन नगरपालिकाबाट सूचना प्रकाशन गरी त्यस्ता घर/भवनहरुको अभिलेख वडा कार्यालयमा संकलन गर्ने र

**निर्णय नं ५**

चालु आ.ब. २०७७/०७८ मा भीरकोट नगरपालिका अन्तर्गत देहायका योजनाहरु संघीय समपुरक अनुदान, संघीय विशेष अनुदान, प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान अन्तर्गतका कार्यक्रममा समावेश गरी पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) संघीय समपुरक अनुदान तर्फः | सुन्दर बजार थालेखर्क रिप मैदान सडक |
| ख) संघीय विशेष अनुदान तर्फः | एकिकृत कृषि विकास कार्यक्रम |
| ग) प्रदेश समपुरक अनुदान तर्फः | नब निर्मित प्रशासकीय भवन पहुँचमार्ग निर्माण |
| घ) प्रदेश विशेष अनुदान तर्फः | एकिकृत स्वास्थ्य धार कार्यक्रम |

**निर्णय नं ६**

चालु आ.ब. २०७७/०७८ को लागि नगर सभाबाट स्वीकृत भएका वडास्तरीय योजनाहरुको मिति २०७७/१०/१० सम्ममा सम्झौता गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं ७**

ढुंगा गिटी बालुवाको अभावले सार्वजनिक निर्माण सेवाका कार्यहरु गर्न अपठ्यारो पर्न गएकोले भीरकोट नगरपालिका क्षेत्रभित्रका ट्याक्टर व्यावसायीहरुका ट्याक्टरहरुसंग प्रति ट्याक्टर प्रति ट्रिप (२.५ घनमिटर) को रु ७५०/- र भीरकोट नगरपालिका बाहिरका ट्याक्टर व्यवसायीहरुका ट्याक्टरहरुसंग प्रति ट्याक्टर प्रति ट्रिप (२.५ घनमिटर) को रु १५००/- का दरले रोयल्टी लिइ मिति २०७७/१०/१६ गते देखि २०७७/१०/३० गते सम्म आँधिखोलाबाट ढुंगा, गिटी बालुवा संकलन र निकासी गर्ने गराउने ।

७१ औं कार्यापालिका बैठकका एजेण्डाहरु

१. ७ औं नगर सभा सम्बन्धमा

२. डिजिटल प्रोफाइल सम्बन्धी

३. विविध

निर्णय नं १

भीरकोट नगरपालिकाको हिउदे अधिवेशन (नगर सभा) मिति २०७७ साल माघ ३० गते शुक्रबार गर्ने ।

निर्णय नं २

भीरकोट नगरपालिकाको डिजिटल प्रोफाइलको निर्माण कार्य सम्पन्न भएकोले, कार्यपालिका बैठकमा पेश गरी छलफल गरियो । छलफलका क्रममा देखिएका सामान्य त्रुटीहरुको परिमार्जन सहित उक्त डिजिटल प्रोफाइल लाई स्विकृत गरियो ।

निर्णय नं ३

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि परियोजना प्रस्ताव पेश गर्न शिक्षा तथा मानब श्रोत विकास केन्द्रले मिति २०७७/१०/०५ प्रकाशन गरेको सूचना अनुसार शैक्षिक सुधार परियोजना प्रस्ताव पेश गरेका श्री दहथुम मा वि भीरकोट नगरपालिका वडा नं २ र श्री भाग्योदय मा.वि. भीरकोट नगरपालिका वडा न-६ लाई क्रमश प्राथिमिकता कायम हुने गरी उक्त कार्यक्रममा समावेश गर्न गरी दिएको सिफारिसलाई अनुमोदन गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. १

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम समन्वय ईकाइ ललितपुरको मिति २०७७/१०/२१ गते प्रकाशित सुचना अनुसार यस नगरपालिका अन्तर्गत पर्ने दार्सिङ केघा वानेथोक मगर स्वारा रोजीखोला सडक निर्माणको लागि योजना छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०७७/७८ मा नगर सभावाट विनियोजित श्रोत शिर्षकमा रकम आम्दानी प्राप्त नभएकोले देहाय वमोजिमका खर्च शिर्षकहरुमा रकम थपघट गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) पुजिगत खर्च

वजेट कटौती हुने शिर्षक

| सि नं. | योजनाको नाम | वजेट शिर्षक नं | विनियोजित रकम | घटाउनु पर्ने रकम | वाँकी रकम |
|---|---|---|---|---|---|
| १ | कोरोना भाइरस व्यवस्थापन तथा प्रतिरक्षा कोष | २२५२२ | ५०००००० .०० | ३२००००० .०० | १८००००० .०० |
| २ | वडा कार्यालय भवन निर्माण | ३११११ | ३०००००० .०० | १३००००० .०० | १७००००० .०० |
| ३ | विपन्न सँग मेयर कार्यक्रम | ३११५९ | २०००००० .०० | १०००००० .०० | १०००००० .०० |
| ४ | भैपरी खर्च | ३१५११ | २९५२००० | २९५२००० .०० | .०० |
| | जम्मा | | १२९५२००० | ८४५२००० .०० | ४५००००० |

ख रकम थप गर्नु पर्ने शिर्षकहरु

| सि नं. | योजनाको नाम | वजेट शिर्षक नं | विनियोजित रकम | बढाउनु पर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय मर्मत | २२५२२ | .०० | १४५०००० .०० | १४५०००० .०० |
| २ | ग्रिज स्किन मेशिन पुर्वाधार | ३११११ | ३०००००० .०० | २०००००० .०० | ५०००००० .०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण | | | | |
| ३ | फर्निचर खरिद (मुल ढोका) | ३११५९ | .०० | ५०००००.०० | ५०००००.०० |
| ४ | कुलर मेशिन | ३१५११ | .०० | ५०००००.०० | ५०००००.०० |
| ५ | शौचालय सामान खरिद | | १५०००००.०० | १५०००००.०० | ३००००००.०० |
| ६ | पुस्तक छपाइ (पाठ्यपुस्तक स्वअध्ययन) | | .०० | ७०००००.०० | ७०००००.०० |
| ७ | पाठ्यक्रम तयारी | | .०० | ५०००००.०० | ५०००००.०० |
| ८ | स्वास्थ्य सम्वन्धी | | १५०००००.०० | ५०००००.०० | २००००००.०० |
| ९ | मेशिनरी सामान खरिद | | .०० | ८०२०००.०० | ८०२०००.०० |
| | | | ५५००००० | ८४५२००० | ४००२००० |

(ख) सन्चालन खर्च

वजेट कटौती हुने शिर्षक

| सि नं. | योजनाको नाम | वजेट शिर्षक नं | विनियोजित रकम | घटाउनु पर्ने रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा सरसफाइ | २२५२२ | ५०००००.०० | ५०००००.०० | .०० |
| २ | जेष्ठ नागरिक उत्थान कार्यक्रम | २२५२२ | ५०००००.०० | ४०००००.०० | १०००००.०० |
| ३ | सेवा तथा परामर्श | २२४११ | ३७००००० | १६०००००.०० | २१०००००.०० |
| ४ | युवा तथा खेलकुद | २२५२२ | १५०००००.०० | १००००००.०० | ५०००००.०० |
| ५ | सरसफाइ सेवा शुल्क. | २२४१४ | ५०००००.०० | ५०००००.०० | .०० |
| ६ | कृषि विकास कार्यक्रम | २२५२२ | ५००००००.०० | ५०००००.०० | ४५०००००.०० |
| | | | १३२००००० | ४५००००० | ८७००००० |

वजेट थप गर्नु पर्ने शिर्षक

| सि नं. | योजनाको नाम | वजेट शिर्षक नं | विनियोजित रकम | वढाउनु पर्ने रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी सेवा सुविधा | | ११०००००.०० | ४५०००००.०० | १५५०००००.०० | विनियोजित रकममा श्रोत आमदानी नभएकोले विभिन्न श्रोतमा विनियोजित रकमवाट सुविधा खर्च लेख्ने |
| २ | जम्मा | | ११०००००.०० | ४५०००००.०० | १५५०००००.०० | ०० |

निर्णय नं. ३

भिरकोट नगरपालिकाको आर्थिक वर्ष २०७४/२०७५ र २०७५/२०७६ मा महालेखापरीक्षकको प्रतिवेदनवाट औंल्याइएका वेरुजु रकम प्रमाण र लेखा समितिको राय वमोजिम सम्परिक्षणको लागि महालेखापरिक्षकको विभागमा पेश गर्ने तथा आर्थिक वर्ष २०७६/७७ को अन्तिम लेखापरिक्षणवाट औंल्याइएका वेरुजुहरुलाई नियमित गर्नको लागि महालेखा परिक्षकको विभागमा पेश गर्न स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भिरकोट नगरस्तरीय वालकोष स्थापना र सन्चालन आर्थिक प्रशासन ऐनमा उल्लेख भए अनुसार प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट सन्चालन गर्न स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भिरकोट नगरपालिका वडा नं. ३ र ८ लाई वडा विभाजनको लागि वडा समितिवाट शिफारिस भै आएको हुँदा सो को कार्यन्वयनको लागि सम्वन्धित्त निकायमा पेश गर्न स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

भिरकोट नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन प्रशोधन तथा विक्रि वितरण सम्वन्धी कार्यविधी २०७७, स्वास्थ्य नीति २०७७ र कृषि विकास नमुना कार्यक्रम सन्चालन निर्देशिका २०७७ लाई परिमार्जन सहित स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

कार्यपालिका बैठकको एजेण्डा

१. बालमैत्री नगरपालिका घोषणा सम्बन्धमा ।

२. विविध

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

७३ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं-१

भीरकोट नगरपालिकालाई मिति २०७७ साल फाल्गुण २२ गते शनिबारका दिन बालमैत्री नगरपालिका घोषणा गर्ने ।

निर्णय नं २

बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यका लागि मिति २०७७ फाल्गुण १७ गते सोमबारका दिन वडास्तरमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । भीरकोट भित्रका सामुदायीक र संस्थागत विद्यालयहरुमा उक्त दिन आंशिक रुपमा पठन पाठन गर्ने र वडा कार्यालयले तोकेको स्थानमा अन्तरक्रिया कार्यक्रममा सहभागी हुने ।

निर्णय नं ३

भीरकोट नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्नको लागि भीरकोट नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको ५०१ सदस्य बालमैत्री नगरपालिका घोषणा मुल समारोह समिति गठन गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| नगर प्रमुख | छायाराम खनाल | संयोजक |
| नगर उपप्रमुख | सिमा के.सी कर्माचार्य | सदस्य |
| वडा अध्यक्ष सबै | भीरकोट नगरपालिका | सदस्य |
| कार्यपालिका सदस्य सबै | भीरकोट नगरपालिका | सदस्य |
| नगर सदस्य सबै | भीरकोट नगरपालिका | सदस्य |
| क्रियाशिल राजनीतिक दल | भीरकोट नगरपालिका | सदस्य |

| | | |
|---|---|---|
| उद्योग वाणिज्य सघं | भीरकोट नगरपालिका | सदस्य |
| विद्यालय व्यवस्थापन समिति अध्यक्ष सबै | भीरकोट नगरपालिका | सदस्य |
| प्रधानाध्यापक सबै | भीरकोट नगरपालिका | सदस्य |
| आमा समुहका अध्यक्ष सबै | भीरकोट नगरपालिका | सदस्य |
| युवा क्लबका अध्यक्ष सबै | भीरकोट नगरपालिका | सदस्य |
| महिला स्वास्थ्य स्वयं सेविका सबै | भीरकोट नगरपालिका | सदस्य |
| बैक तथा वित्तिय संस्था प्रमुख सबै | भीरकोट नगरपालिका | सदस्य |
| सहकारी संस्थाका अध्यक्ष सवै | भीरकोट नगरपालिका | सदस्य |
| वडा प्रहरी कार्यालय प्रमुख | वालिङ्ग | सदस्य |
| शाखा प्रमुख सबै | भीरकोट नगरपालिका | सदस्य |
| टोल विकास समिति अध्यक्ष सवै | भीरकोट नगरपालिका | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सवै | भीरकोट नगरपालिका | सदस्य |
| अध्यक्ष स्कुल अफ डेमोक्रेसी | भीरकोट नगरपालिका | सदस्य |
| अध्यक्ष सन्त निरंकारी मण्डल | वयरघारी | सदस्य |
| ब्रह्मा कुमारी इश्वरीय विश्वविद्यालय | वयरघारी | सदस्य |
| अध्यक्ष विश्वहिन्दु महासंघ | भीरकोट न.पा | सदस्य |
| महिला स्वास्थ्य स्वयम सेविकाकाहरु सबै | भीरकोट न.पा | सदस्य |
| अध्यक्ष नेपाल रेडक्रस सोसाइटी | महापुर/दहथुम/बानेथोक उपशाखा | सदस्य |

| | | |
|---|---|---|
| भीरकोट जेसीस | भीरकोट नगरपालिका | सदस्य |
| क्षेत्री समाज | भीरकोट नगरपालिका | सदस्य |
| युवा संघ | भीरकोट नगरपालिका | सदस्य |
| तरुण दल | भीरकोट नगरपालिका | सदस्य |
| तमु समाज | भीरकोट नगरपालिका | सदस्य |
| मगर संघ | भीरकोट नगरपालिका | सदस्य |
| नेबाखल | भीरकोट नगरपालिका | सदस्य |
| मुस्लिम समाज | भीरकोट नगरपालिका | सदस्य |
| मदर्साका अध्यक्षहरु सबै | भीरकोट नगरपालिका | सदस्य |
| मठ मन्दिर पूजा व्यवस्थापन समिति अध्यक्ष सबै | भी.न.पा | सदस्य |
| अध्यक्ष कालिका बहुमुखि क्याम्पस | भीरकोट नगरपालिका | सदस्य |
| क्याम्पस प्रमुख कालिका बहुमुखि क्याम्पस | भी.न.पा | सदस्य |
| अध्यक्ष दहथुम क्याम्पस | | सदस्य |
| क्याम्पस प्रमुख दहथुम क्याम्पस | | सदस्य |
| अध्यक्ष शिक्षक संघ | भीरकोट नगरपालिका | सदस्य |
| अध्यक्ष शिक्षक संगठन | भीरकोट नगरपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | भीरकोट नगरपालिका | सदस्य सचिव |

निर्णय नं ४

भीरकोट नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्नको लागि देहाय बमोजिमको उप समिति गठन गर्ने निर्णय गरियो ।

क) सूचना संचार र छपाइ व्यवस्थापन उप सिमिति

| | |
|---|---|
| दिपेन्द्र के.सी | संयोजक |
| बाबुराम श्रेष्ठ | सदस्य |
| दिल बहादुर सुनार | सदस्य |
| सिता खत्री | सदस्य |
| विष्णु माझि | सदस्य |
| ज्ञान बहादुर वि.क | सदस्य |
| नारायण प्रसाद अर्याल | सदस्य |
| नन्दलाल खनाल | सदस्य |

ख) मञ्च व्यवस्थापन उप समिति

| | |
|---|---|
| कमल त्रिपाठी | संयोजक |
| तन बहादुर गुरुङ्ग | सदस्य |
| भीम बहादुर गुरुङ्ग | सदस्य |
| शेषकान्त अर्याल | सदस्य |
| लक्ष्मण खत्री | सदस्य |
| विन्दु खड्का | सदस्य |

| | |
|---|---|
| ज्ञान बहादुर वि.क. | सदस्य |
| सिता खत्री क्षेत्री | सदस्य |
| शंकर कुवार मगर | सदस्य |

ग) सरसफाई पानी व्यवस्थापन उप समिति

| | |
|---|---|
| चन्द्र बहादुर बस्नेत | संयोजक |
| याम प्रसाद अधिकारी | सदस्य |
| लक्ष्मण खत्री | सदस्य |
| अध्यक्ष भीरकोट जेसिस | सदस्य |
| अध्यक्ष संन्त निरङ्कारी मन्डल | सदस्य |
| सिद्धार्थ राजमार्ग वरिपरिका आमा समुह र युवा क्लव | सदस्य |
| नारायण बन्धु अर्याल | सदस्य सचिव |

घ) आर्थिक व्यवस्थापन उप समिति

| | | |
|---|---|---|
| खुमलाल भुषाल | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| विष्णु प्रसाद रेग्मी | | सदस्य |
| जब्बर अलि मियाँ | | सदस्य सचिव |

ङ) अतिथि सत्कार उप समिति

| | |
|---|---|
| सिमा के.सी. कर्माचार्य | संयोजक |
| याम प्रसाद अधिकारी | सदस्य |
| विन्दु खड्का | सदस्य |

| | |
|---|---|
| धनसुवा राना | सदस्य |
| दिल बहादुर सुनार | सदस्य |
| दुर्गा कोइराला | सदस्य |
| याम प्रसाद रेग्मी | सदस्य सचिव |

च) फाइल व्यवस्थापन उप समिति

| | |
|---|---|
| विष्णु माया काफ्ले | संयोजक |
| विष्णु कोइराला | सदस्य |
| भिम बहादुर गुरुङ्ग | सदस्य |
| नविन थापा | सदस्य |
| सिता खत्री | सदस्य |
| विष्णु माझी | सदस्य |
| प्रविण विक्रम खाँण | सदस्य |
| निकिता त्रिपाठी | सदस्य |
| तारानाथ रिजाल | सदस्य |
| प्रकाश नेपाली | सदस्य |
| नारायण प्रसाद अर्याल | सदस्य |
| असोक खत्री | सदस्य |
| सञ्जु पौडेल | सदस्य |
| देउ बहादुर गुरुङ्ग | सदस्य |

भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा २०७३

राम बहादुर गुरुङ्ग सदस्य

खुमकान्त खनाल सदस्य सचिब

छ) यातायत व्यवस्थापन उप समिति

| | | |
|---|---|---|
| याम प्रसाद अधिकारी | | संयोजक |
| वडा अध्यक्ष सबै | भीरकोट नगरपालिका | सदस्य |
| प्रहरी चौकी प्रमुख | दहथुम प्रहरी चौकी | सदस्य |
| अध्यक्ष स्थानीय यातायत व्यवस्थापन समिति | | सदस्य |
| राम प्रसाद खनाल | | सदस्य सचिब |

स्वास्थ्य सिविर संचालन उप समिति

| | | | |
|---|---|---|---|
| नारायण बन्धु अर्याल | स्वास्थ्य शाखा प्रमुख | भीरकोट नगरपालिका | संयोजक |
| प्रमुख स्वास्थ्य संस्था सबै | | भीरकोट नगरपालिका | सदस्य |

७४ औ कार्यपालिका बैठकका कार्यसूचीहरु

- बालमैत्री नगरपालिका घोषणा सम्बन्धमा समीक्षा
- भीरकोट नगरपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृति सम्बन्धमा ।
- नमूना कृषि फर्म सञ्चालन सम्बन्धमा ।
- दहथुम बहुमूखी क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
- कालिका सामूदायिक अस्पताललाई दिइएको पेश्की रकम अनुमोदन गर्ने सम्बन्धमा ।
- विविध

७४ औं नम्बर कार्यपालिका (बोर्ड) बैठकका निर्णयहरू

निर्णय नं. १

भीरकोट नगरपालिकालाई मिति २०७७।११।२२ गते बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएकोमा उक्त कार्यक्रममा भएको विषयगत खर्चको सम्बन्धमा समीक्षा गरियो । प्राप्त खर्च सम्बन्धी कागजात उपर थप अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

वडाध्यक्ष श्री लक्ष्मण खत्री क्षत्री,भी.न.पा. वडा नं. ६ - संयोजक

वडाध्यक्ष श्री दिपेन्द्र के.सी.,भी.न.पा. वडा नं.१ - सदस्य

वडाध्यक्ष श्री चन्द्र बहादुर बस्नेत,भी.न.पा. वडा नं.४ - सदस्य

निर्णय नं.२

भीरकोट नगर कार्यपालिकाको ६९ औंबैठकको निर्णयबाट गठित स्थानीय पाठ्यक्रमको मस्यौदा अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदन उपर छलफल गरी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३

भीरकोट नगरपालिका वडा नं. ६, आँधीखाल्टा स्थित नमुना कृषि फर्म वरिपरिका कृषक/कृषक समूहहरूको भेलामार्फतउपभोक्ता समिति गठन गरी योजना सञ्चालन गर्ने र पूर्वाधार निर्माणको काम सम्पन्न भएपश्चात नमुना कृषि फर्मको दीर्घकालीन व्यवस्थापनको लागि उपयुक्त समयमा नगरपालिकाबाट कृषि फर्म व्यवस्थापन समिति गठन गरी व्यवस्थापनको जिम्मेवारी निर्णय गरियो ।

निर्णय नं.४

भीरकोट नगरपालिका वडा नं. २ स्थित दहथुम बहुमूखी क्याम्पसको माग बमोजिम क्याम्पस सञ्चालन र व्यवस्थापनका लागि रू. ४ लाख अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५

भीरकोट नगरपालिका वडा नं. १, हेलुमा रहेको कालिका सामूदायिक अस्पताललाई पेश्की स्वरूप उपलब्ध गराईएको रू. २ लाख ५० हजारलाई अनुदानमा परिणत गरी अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

भीरकोट नगरपालिका क्षेत्रभित्र रहेका चौतारी, पोखरी,मठ मन्दिर लगायतका ऐतिहाँसिक महत्वका स्थानीय सम्पदाहरू र सार्वजनिक जग्गा,खोलानाला, सामूदायिक वन, सामूदायिक भवनहरूकोवडागत विवरण तयार गरी अभिलेखीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

भूकम्प पिडित लाभग्राहीहरूको आवास निर्माण प्रयोजनको लागि स्वीकृत घरनक्साहरूको म्यादनियमानुसार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

भीरकोट नगरपालिका वडा नं. ४ का वडासदस्य स्वर्गीय टंक प्रसाद श्रेष्ठको उपचारको क्रममा मृत्यु भएकोले निजको उपचारमा खर्च भएको रकम मध्ये रू. ५० हजार आश्रित परिवारलाई आर्थिक सहायतास्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९**

भीरकोट नगरपालिका वडा नं.२ का वडाध्यक्ष श्री कमल त्रिपाठी बिरामी भई उपचाररत रहेको हुँदा निजलाई औषधी उपचार खर्चबापत रू. ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०**

भीरकोट नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय, सामूदायिक संघ संस्था, शिक्षक, विद्यार्थी, बालसंजालहरू तथा आम सर्वसाधारण नागरिकहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १

यस नगरपालिकामा दोस्रो लहरको कोरोना भाइरसको सक्रमण वढ्दै गएको हुँदा सो को नियन्त्रण र रोकथामको लागि नगर स्तरीय, वडा स्तरीय र टोल स्तरीय कोरोना भाईरस रोकथाम र नियन्त्रण समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**नगर स्तरीय कोरोना भाईरस रोकथाम र नियन्त्रण समन्वय समिति**

| सि. नं. | पद | नाम थर/संस्था | पद | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री छायाराम खनाल | संयोजक | |
| २ | उप प्रमुख | श्री सिमा के सि कर्मचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री खुमलाल भुसाल | सदस्य | |
| ४ | सदस्य | वडा अध्यक्ष सवै | सदस्य | |
| ५ | सभापति | नेपाल रेडक्रस सोसाइटी, वयरघारी, महापुर र वानेथोक | सदस्य | |
| ६ | पार्टी प्रमुख भिरकोट न पा | राजनैतिक दल सवै भिरकोट न पा | सदस्य | |
| ७ | उद्योग वाणिज्य संघ भिरकोट अध्यक्ष | भक्त वहादुर के सी | सदस्य | |
| ८ | मुस्लिम समाज अध्यक्ष | प्रतिनिधी मुस्लिम समाज भिरकोट | सदस्य | |
| ९ | अध्यक्ष भिरकोट जेसिस | श्री प्रसुन मगर | सदस्य | |
| १० | स्वास्थ्य शाखा प्रमुख | नारायण वन्धु अर्याल | सदस्य सचिव | |

**वडा स्तरीय कोरोना भाईरस रोकथाम र नियन्त्रण समन्वय समिति**

| सि. नं. | पद | पद | कैफियत |
|---|---|---|---|
| | वडा अध्यक्ष | संयोजक | |
| | वडा सदस्यहरु | सदस्य | |
| | टोल विकास समितिका अध्यक्ष | सदस्य | |
| | स्थानीय गै स स | सदस्य | |
| | वडा सचिव | सदस्य सचिव | |

टोल स्तरीय कोरोना भाईरस रोकथाम र नियन्त्रण समन्वय समिति

| सि. नं. | पद | पद | कैफियत |
|---|---|---|---|
| १ | टोल विकास समिति अध्यक्ष | संयोजक | |
| २ | आमा समुहका प्रतिनिधि | सदस्य | |
| ३ | युवा क्लव अध्यक्ष | सदस्य | |
| | टोल विकास समिति सचिव | सदस्य सचिव | |

निर्णय नं. २

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ वाट यस नगरपालिका र वरपरका क्षेत्र समेत प्रभावित भएको हुँदा नगर क्षेत्र भित्र का विरामीहरु मध्ये परिक्षणवाट पोजेटिभ देखिएका विरमीहरुलाई उपचार गर्नको लागि भिरकोट नगरपालिका वडा नं. १ मा रहेको कालिका सामुदायिक अस्पतालमा आइसोलेशन कक्ष पुनः स्थापित गरी उपचारको व्यवस्था मिलाउने, साथै विदेशवाट र अन्य जिल्लावाट यस नगरपालिकामा प्रवेश गर्ने व्यक्तीहरुलाई भिरकोट नगरपालिका वडा नं. ५ मा अवस्थित पशुपती आधारभुत विद्यालय फुलवारीमा राखे व्यवस्था मिलाउने र आवश्यकता अनुसार वडाहरुमा समेत क्वोरन्टिन स्थल निर्माण गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ३

कोरोना भाइरसको सक्रमण दर वढ्दै गएकोमा सो को नियन्त्रण र रोकथामको लागि प्रचार प्रसार अति नै महत्वपुर्ण हुने भएको हुँदा स्वास्थ्य शुरक्षाको मापदण्ड पुर्ण रुपमा पालना गर्नको लागि सवै वडाहरुमा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भिरकोट नगरपालिकावाट निर्माण गरिएको ग्रिजी स्क्रिनीङ भाइव्रेटर मेशिनवाट उत्पादन भएको निर्माण सामाग्रीको मुल्य निर्धारण र सन्चालन व्यवस्थापन सम्वन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| सि. नं. | नाम थर | पद | |
|---|---|---|---|
| १ | दिपेन्द्र के सी | वडा अध्यक्ष | संयोजक |

| | | | |
|---|---|---|---|
| २ | चन्द्र वहादुर वस्नेत | वडा अध्यक्ष | सदस्य |
| ३ | कमल त्रिपाठी | वडा अध्यक्ष | सदस्य |
| ४ | जगदिस कोइराला | उद्योग वाणिज्य संघ | सदस्य |
| ५ | दिनेश कुमार कर्मचार्य | टेक्टर व्यवसायी समिति भिरकोट | सदस्य |
| ६ | राम प्रसाद भुसाल | व्यवसायी | सदस्य |
| ७ | जव्वर अलि मिया | लेखा अधिकृत | सदस्य |
| ८ | शंकर कुवर मगर | इन्जिनियर | सदस्य |
| ९ | याम प्रसाद रेग्मी | योजना अधिकृत | सदस्य सचिव |

निर्णय नं. ५

भिरकोट नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री कमल त्रिपाठी भिरकोट नगरपालिकालाई वालमैन्त्री नगर घोषणाको तयारीको क्रममा कारोना सक्रमणको कारण विरामी भई पोखरा स्थित मेडीपल्स अस्पतालमा उपचार गराउनु भएकोले निजको उपचार खर्च वापत थप रु ५००००/- (अक्षेरुपी पचास हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**भीरकोट नगरपालिका ७६ औं नगर कार्यपालिका (बोर्ड) बैठकका कार्यसूचीहरू:**

**मितिः २०७८/०२/०५**

१. नदिजन्य निर्माण सामग्रीको मूल्य निर्धारण एवम् सोको समग्र व्यवस्थापन सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन उपर छलफल ।

२. मालपोत कार्यालय स्याङ्जालाई सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

३. निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

४. कालिका सामूदायिक अस्पतालको हस्तान्तरण तथा संचालन सम्बन्धमा ।

५. भीरकोट नगर अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने सम्बन्धमा ।

६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा प्राप्त गरेको अंक अनुमोदन गर्ने सम्बन्धमा

७. बजेट रकमान्तर सम्बन्धमा ।

८. आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा योजना तर्जुमा सम्बन्धमा ।

९. विविध ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. १**

भीरकोट नगरपालिकाको ७५ औं कार्यपालिका बैठकको निर्णय अनुसार ग्रिजी स्क्रिनिंग भाइब्रेटर मेसिनबाट प्रशोधित नदिजन्य निर्माण सामग्रीको मूल्य निर्धारण तथा व्यवस्थापन सम्बन्धमा गठित कार्यदलले पेश गरेको प्रतिवेदनलाई सामान्य परिमार्जन सहित स्वीकृत गर्ने ।

**निर्णय नं. २**

मालपोत कार्यालय स्याङ्जाको माग निवेदन अनुसार उक्त कार्यालयको संस्थागत सुदृढीकरणका लागि रू. १,००,०००।०० (अक्षरेपी एक लाख रुपैयाँ मात्र) सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ३**

भीरकोट नगरपालिका वडा नं. १ हेलु स्थित भीरकोट नगर अस्पतालमा सिलबन्दी दरभाउपत्र आह्वान गरी अक्सिजन पाइपलाईन जडान गर्ने सम्बन्धमा मिति २०७८।२।४ मा नगर प्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ४**

कालिका सामूदायिक स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको कालिका सामूदायिक अस्पताल भीरकोट नगर अस्पतालको रूपमा भीरकोट नगरपालिकालाई हस्तान्तरण भई सकेको सन्दर्भमा अस्पताल परिसरमा निर्मित भौतिक संरचना र जग्गाको स्वामित्व नगरपालिकामा हस्तान्तरण गरी लिने प्रयोजनको लागि मालपोत कार्यालय, स्याङ्जाबाट हुने रजिष्ट्रेसन समेतका सम्पूर्ण कार्यहरू गर्न यस कार्यालयमा कार्यरत अधिकृत श्री खेमनारायण पौडेललाई प्रतिनिधि तोकी पठाउने ।

**निर्णय नं. ५**

भीरकोट नगरपालिका वडा नं. १ हेलु स्थित भीरकोट नगर अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने भनिएकोमा भीरकौट नगरपालिकाको स्रोतबाट मात्र प्लान्ट स्थापना गर्न संभव नदेखिएकोले भविष्यमा संघीय तथा प्रादेशिक सरकारबाट स्रोत सुनिश्चितता भएमा प्लान्ट स्थापना गर्न सक्ने गरी हाललाई अक्सिजन प्लान्ट निर्माणको कार्यलाई स्थगन गर्ने । तत्कालको लागि राष्ट्रिय आबिस्कार केन्द्र, काठमाडौंको प्राविधिक सहयोगमा उक्त केन्द्रसंग लागत साझेदारी गरी अस्थायी प्रकृतिको अक्सिजन प्लान्ट जडान गर्न प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. ६**

यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को समग्र कार्यसम्पादनका आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ मा उल्लिखित सूचकहरूको स्वःमूल्याङ्कन गरी प्रारम्भिक नतिजाबाट प्राप्त गरेको कूल अंकलाई अनुमोदन गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७।७८ को लागि नगर सभाबाट देहायका बजेट उपशीर्षकतर्फ विनियोजित रकममध्ये केही खर्च शीर्षकहरुमा रकम अपुग भएको र केही खर्च शीर्षकहरुमा रकम बचत भएको हुँदा भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०७७ को अधीनमा रही देहाय बमोजिम बजेट रकमान्तर गर्ने ।

चालु खर्च तर्फः

| खर्च संकेत नं. | खर्च शीर्षक | बार्षिक बजेट रू. | श्रोत | रकमान्तर रू. | | रकमान्तर पछि कायम हुने बजेट रू. |
|---|---|---|---|---|---|---|
| | | | | थप | घट | |
| २११११ | कर्मचारी पारिश्रमिक | 15000000 | संघीय राजस्व बाँडफाँड | 0 | 800000 | 14200000 |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन | 7500000 | संघीय राजस्व बाँडफाँड | 0 | 800000 | 6700000 |
| २२२१३ | सवारी साधन मर्मत खर्च | 4000000 | संघीय राजस्व बाँडफाँड | 800000 | 0 | 4800000 |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 500000 | संघीय राजस्व बाँडफाँड | | 500000 | 0 |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 1500000 | समानीकरण अनुदान (गण्डकी प्रदेश) | 800000 | 0 | 2300000 |
| २२४१३ | करार सेवा शुल्क | 11500000 | राजस्व बाँडफाँड (गण्डकी प्रदेश) | 2600000 | 0 | 14100000 |
| २२५१२ | सीप विकास तथा तालीम तथा गोष्ठी | 1500000 | समानीकरण अनुदान (गण्डकी प्रदेश) | 0 | 1500000 | 0 |
| २२५२२ | कार्यक्रम खर्च (बालमैत्री) | 2000000 | समानीकरण अनुदान (गण्डकी प्रदेश) | 2000000 | 0 | 4000000 |
| २२५२२ | कार्यक्रम खर्च (युवा तथा खेलकुद) | 1500000 | समानीकरण अनुदान (गण्डकी प्रदेश) | 0 | 600000 | 900000 |
| २२५२२ | कार्यक्रम खर्च (अपाङ्ग प्रवर्द्धन) | 500000 | संघीय राजस्व बाँडफाँड | 0 | 300000 | 200000 |
| २२५२२ | कार्यक्रम खर्च (उद्यम विकास प्रवर्द्धन) | 400000 | संघीय राजस्व बाँडफाँड | 0 | 400000 | 0 |
| २२५२२ | कार्यक्रम खर्च (महिलासंग उपमेयर) | 1500000 | संघीय राजस्व बाँडफाँड | 0 | 1400000 | 100000 |
| २२५२२ | कार्यक्रम खर्च (वातावरण तथा सरसफाई) | 500000 | संघीय राजस्व बाँडफाँड | 0 | 500000 | 0 |
| २२७११ | विविध खर्च | 2000000 | संघीय समानीकरण अनुदान | 300000 | 0 | 2300000 |
| २८१४२ | घरभाडा | 1000000 | संघीय समानीकरण अनुदान | 100000 | 0 | 1100000 |
| २८१४३ | सवारी साधन तथा मेशीनरी औजार भाडा | 1000000 | संघीय राजस्व बाँडफाँड | 200000 | 0 | 1200000 |
| | जम्मा | | | **6800000** | **6800000** | |

पूंजीगत खर्च तर्फः

| खर्च संकेत नं. | खर्च शीर्षक | बार्षिक बजेट रू. | श्रोत | रकमान्तर रू. | | रकमान्तर पछि कायम हुने बजेट रू. |
|---|---|---|---|---|---|---|
| | | | | थप | घट | |
| २२२१३ | नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम | 7760000 | संघीय समानीकरण अनुदान | 7711000 | 0 | 15471000 |
| ३१११२ | न.पा.भवन | 9700000 | संघीय समानीकरण अनुदान | 0 | 2600000 | 7100000 |
| ३१४११ | वडा कार्यालय जग्गा खरिद | 970000 | संघीय समानीकरण अनुदान | 0 | 500000 | 470000 |
| ३१११२ | वडा कार्यालय भवन निर्माण | 1610000 | संघीय समानीकरण अनुदान | 0 | 1000000 | 610000 |
| २२४१२ | संघ प्रदेश समपुरक कोष | 6900000 | संघीय समानीकरण अनुदान | 0 | 3611000 | 3289000 |
| | | | | 7711000 | 7711000 | |

निर्णय नं. ८

आगामी आर्थिक वर्ष २०७८।७९ को वार्षिक बजेट तथा योजना तर्जुमा गर्नको लागि २०७८ साल जेठ मसान्तसम्म आर्थिक वर्ष २०७७।७८ का योजना तथा कार्यक्रमहरूको वडास्तरमा समीक्षा सम्पन्न गरी आगामी आर्थिक वर्षको लागि वडास्तरीय योजना तथा कार्यक्रम पेश गर्ने । २०७८ असार १ गते नगरस्तरीय समीक्षा सम्पन्न गरी असार २ र ३ गते बिषयगत समितिहरुको बैठक बस्ने ।

निर्णय नं. ९

कोभिड-१९ महामारीको को दोश्रो भेरियन्टबाट संक्रमित नगरबासीहरूलाई स्वास्थ्य सामग्रीहरु वितरण गर्ने, संक्रमितहरूलाई अस्पतालसम्म पुऱ्याउने समेतका सचेतनामूलक कार्यक्रमहरू संचालन गरी सहयोग गरेकोमा भीरकोट जेसिसलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने । भीरकोट नगरिपालिका वडा नं. ५ का वडाध्यक्षले कोभिड-१९ संक्रमितहरूको उद्धारको लागि आफ्नो निजी सवारी साधनलाई एम्बुलेन्सको रूपमा प्रयोग गरेको हुँदा वडाध्यक्ष श्री याम प्रसाद अधिकारीलाई धन्यवाद ज्ञापन गर्दै निजको सवारी साधनलाई आवश्यकता अनुसार ईन्धन उपलब्ध गराउने ।

निर्णय नं. १०

भीरकोट नगर कार्यपालिका सदस्य श्री धनसुवा राना कोभिड-१९ बाट संक्रमित हुनुभएको हुँदा उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

निर्णय नं. ११

कोभिड-१९ को प्रभावबाट भीरकोट नगर क्षेत्रका तरकारी उत्पादक किसानले उत्पादन गरी बिक्री वितरण गर्न नसकेको तरकारी नगरपालिकाको अग्रसरतामा खरिद गरी बिक्री वितरण गर्दा खर्च भएको रकममध्ये बिल भरपाईको आधारमा रू. २९४५९९।०० (अक्षरेपी दुई लाख चौरानब्बे हजार पाँच सय उनान्सय रूपैयाँ मात्र) भुक्तानी दिने ।

**भीरकोट नगरपालिका ७७ औं नगर कार्यपालिका (बोर्ड) बैठकका कार्यसूचीहरू:**

१. भीरकोट नगरपालिकाको ८ औ नगर सभा सम्बन्धमा ।

२. विविध ।

## ७७ औ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं १.**

भीरकोट नगरपालिकाको आठौ नगर सभा मिति २०७८ साल आषाढ ९ र १० गते गर्ने निर्णय गरियो ।

**भीरकोट नगरपालिका ७८ औं नगर कार्यपालिका बैठकका कार्यसूचीहरू:**

१. आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. विविध ।

## ७८ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

७८ औ कार्यपालिका बैठकमा पेश भएको आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र वजेट (१९ पेजको नीति तथा कार्यक्रम र ७ पेजको वजेट) उपर दफावार छलफल गरी कार्यपालिका वैठकवाट स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिका वडा नं १ मा रहेको कालिका सामुदायिक स्वास्थ्य सेवा संस्था दार्सिङ्ग दहथुमको नाममा रहेको साविक दार्सिङ्ग दहथुम गा.वि.स वडा नं १ हाल भीरकोट नगरपालिका वडा नं १ मा रहेको कित्ता नं १५२२ र साविक करेनडाडाँ गा.वि.स वडा नं ७ हाल पुतलीवजार नगरपालिका वडा नं ११ मा रहेको कित्ता नं १२८९, १२९१, १३८०, १४७९, १४८३ र १४८१ का कित्ताहरु उक्त संस्थाको निर्णय वमोजिम वुझिलिने निर्णय गरियो ।

निर्णय नं ३

साविक स्वरेक गा.वि.स वडा नं६ हाल भीरकोट नगरपालिका वडा नं ५ को कित्ता नं ६०४, ६१९, ६२२ र १३३८ कित्ता नं का जग्गाहरु आधारभूत शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ४

साविक ढापुक सिमलभञ्ज्याङ्ग गा.वि.स वडा नं ५ हाल भीरकोट नगरपालिका वडा नं-८ वस्ने केश वहादुर श्रेष्ठको कित्ता नं १६७० क्षेत्रफल ०-४-०-३ को जग्गा भीरकोट नगरपालिका वडा नं-८ को वडा कार्यालय भवन निर्माण कार्यको लागि खरिद गर्ने निर्णय गरियो ।

७९औ कार्यपालिकाका वैठकको कार्यसुचीहरु

१ आठौ नगर सभाको वैठकमा पेश गर्ने योजना कार्यक्रम तथा वजेट  सम्वन्धमा ।

२ विविध

निर्णय नं. १

भीरकोट नगरपालिकाको आर्थिक ऐन २०७८, विनियोजन ऐन २०७८ र भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको वढुवा/स्तरवृद्धि गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. २

आर्थिक वर्ष २०७८/०७९ को पृष्ठ १३' को बजेट तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. ३

आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न मितिमा वसेको कार्यपालिका बैठकका निर्णय र नगरप्रमुखज्यूको तोक आदेशवाट भए गरेका खर्चहरुलाई अनुमोदनको लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं. ४

आर्थिक वर्ष २०७७/०७८ को लागि नगर सभाबाट पारित वडास्तरीय योजनामध्ये केही योजनाहरु वडा समितिको निर्णय अनुसार संशोधन गरी कार्यान्वयन गरिएकोमा संशोधित योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. ५

भीरकोट नगरपालिका वडा नं. १ मा रहेको भीरकोट दरवारको विस्तृत अध्ययन प्रतिवेदन (DPR) स्वीकृत गर्ने ।

निर्णय नं. ६

स्थानीय सरकार साचालन ऐन, २०७४ को दफा ८३ बमोजिम परामर्शदाताबाट तयार गरिएको भीरकोट नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७८ परिमार्जनसहित स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. ७

राष्ट्रिय आविस्कार केन्द्र, काठमाडौं र भीरकोट नगरपालिकाको लागत साझेदारीमा भीरकोट नगर अस्पतालमा निर्माण भएको मिनी अक्सिजन प्लान्ट निर्माणको कूल लागतमध्ये ५० प्रतिशत रकम राष्ट्रिय आविस्कार केन्द्र, काठमाडौलाई भुक्तानीको लागि नगर सभामा पेश गर्ने ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ८

भीरकोट नगर अस्पतालमा अक्सिजन पाइपलाइन जडानको लागि सिलवन्दी दरभारपत्र आव्हान गरी कार्य अगाडि वढाइएको पाइपलाइन जडान गर्ने कार्य सम्पन्न भएकोले सम्वन्धित कम्पनी / फर्मलाई सम्झौता वमोजिमको रकम भुक्तानी दिने ।

निर्णय नं, ९

आर्थिक वर्ष २०७७/७८ मा भीरकोट नगरपालिका अन्तर्गत तपशिलमा उल्लेखित ग्राभिण सडकहरुमा निम्नानुसारका फर्महरुले सडक सेवा सुल्क उठाएकोमा कोभिड १९ को महामारीको कारण वन्दावन्दी भई नोक्सान भएको हुँदा सोधभर्ना स्वरुप आर्थिक वर्ष २०७८/७९ को श्रावण महिनाको सडक सेवा शुल्क उठाउन दिने ।

| सि नं. | सडकको नाम | फर्मको नाम |
|---|---|---|
| | क. बयरघारी-बगरेबजार-ढापुकपर्वत ग्रा.स.,-<br>ख. बयरघारी-बगरेबजार-मोहनडाँडा पर्वत ग्रा.स.,<br>ग. बयरघारी-बगरेबजार-स्वरेकटापु ग्रा.स.,<br>घ. बयरघारी- पुलकोमुख-चुनडाँडा-तिसेदी ग्रा.स. | प्रेमकृष्ण कन्ट्रक्सन |
| २ | क. बयरघारी-जगतपुर-केघाग्रा.स.,<br>ख. दार्सिङ्ग-केघा ग्रा.स.,<br>ग. बयरघारी-बानेथोक-बिरुवाग्रा.स.,<br>घ. छाङ्गछाङ्गदी-दभुङ्गठाटी | भीरकोट कन्ट्रक्सन |

## निर्णय नं. १

गत आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको प्रगति सन्तोषजनक रहेको पाईयो । चालु आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत योजना तथा कार्यक्रमहरू पहिलो चौमासिक अवधी भित्रै सञ्चालन गर्ने व्यवस्था मिलाई समयमै योजना सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

## निर्णय नं. २

भीरकोट नगरपालिकाबाट सञ्चालन गरिएको ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनवाट उत्पादित/प्रशोधित निर्माण सामग्रीहरूको बिक्रिमा ढुवानी व्यवसायीहरूलाई प्रोत्साहन स्वरुप देहायका निर्माण सामग्रीहरूमा निम्न बमोजिमको रकम छुट दिने ।

| सि.नं. | प्रशोधित निर्माण सामाग्रीको नाम | छुट रकम रू. (प्रति घन मिटर) | कैफियत |
|---|---|---|---|
| १ | बालुवा | २०० | |
| २ | गिट्टी | २०० | |
| ३ | चिप्स | २०० | |

## निर्णय नं. ३

बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६० बमोजिम उपप्रमुखले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा गठन हुने स्थानीय बाल अधिकार समितिका सदस्यहरूको नामावली र उक्त समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था साथै बैठक सम्वन्धी कार्यविधीको सम्वन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न यस नगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव श्री विष्णु प्रसाद काइरालालाई जिम्मेवारी दिनें ।

## निर्णय नं. ४

भीरकोट नगरपालिका गठन हुनुपूर्व निर्माण भई यस भन्दा अगाडि अभिलेखीकरणको लागि सुचना प्रकाशन गर्दाको समयमा अभिलेखीकरण गर्न छुट भएका घर तथा भवनहरूलाई अभिलेखीकरण गर्ने सम्वन्धमा अध्ययन गरी कार्यविधि तयार गर्न प्रमुख प्रशासकीय अधिकृत श्री खुमलाल भुसालको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत श्री खुमलाल भुसालः संयोजक<br>
उपसचिव (शिक्षा) श्री विष्णु प्रसाद कोईरालाः सदस्य<br>
योजना अधिकृत (सातौं) श्री याम प्रसाद रेग्मीः सदस्य<br>
अधिकृत छैटौं श्री राम प्रसाद खनालः सदस्य<br>
अमिन श्री सुजन अर्यालः सदस्य<br>
ईन्जिनियर श्री शंकर कुवर मगरः सदस्य सचिव

निर्णय नं. ५

यस नगरपालकाको स्वामित्वमा रहेको भीरकोट नगर अस्पतालमा कार्यरत डा. मुक्ती वगालेले २४ घन्टा सेवा प्रदान गर्नु भएको हुँदा उहाँलाई कार्यालय समय भन्दा अतिरक्त समय काम गरे वापत प्रोत्साहन स्वरुप मासिक रू. ३००००।०० (अक्षरेपी तीस हजार रूपैयाँ मात्र) उपलव्ध गराउने । साथै USG, LAB र X-RAY गर्ने कार्यमा खटिने जनशक्तिलाई देहाय बमोजिम हुने गरी जोखिम भत्ता उपलब्ध गराउने ।

| विवरण | प्राप्त रकमको बाँडफाँट अनुपात (प्रतिशतमा) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | अस्पताल | डाक्टर | टेक्नीसियन | अन्य | |
| USG | ५० | ३५ | - | १५ | |
| LAB | ५० | १० | ३५ | ५ | |
| X-RAY | ५० | २० | ३० | - | |

निर्णय नं. ६

कालिका सामूदायिक स्वास्थ्य संस्थाले भीरकोट नगरपालिकालाई करिव ७ रोपनी जग्गा र २ वटा भवन हस्तान्तरण गरेकोमा सो संस्थाको व्यवस्थापन एवं मर्मत सम्भार समेतको कार्यको लागि रू. ५ लाख रकम अनुदान स्वरुप उपलव्ध गराउने ।

निर्णय नं. ७

भीरकोट नगर अस्पतालमा दाँतको उपचार गर्ने सम्बन्धी उपकरणहरू उपलब्ध रहेको तर जनशक्तिको अभावमा सेवा उपलव्ध गराउन नसकिएको हुँदा सो सम्वन्धी कार्यको लागि सहायक स्तर पाँचौ तहको प्राविधिक जनशक्ती सेवा करारमा लिने ।

निर्णय नं. ८

यस वर्षको वर्षायाममा आएको वाढि पहिरोबाट विभिन्न सडकहरू क्षत विक्षत भई सवारी सञ्चालनमा कठिनाई भएकोले सडक सरसफाई एवं मर्मत सम्भारको लागि हेभी इक्वीपमेन्ट एवं ढुवानीका साधन भाडामा लिनु पर्ने भएको हुँदा सार्वजनिक सूचना प्रकाशन गरी सम्वन्धित व्यक्ति/फर्म/कम्पनी एवं ढुवानी व्यवसायीहरूवाट भाडाको दररेट माग गर्ने ।

## ८१ औं नगर कार्यपालिका बैठकका कार्यसूचीहरु

१. नगरस्तरीय सडक समन्वय समिति( MRCC) को गठन सम्बन्धमा ।

२. घर अभिलेखिकरण कार्यविधी स्वीकृती सम्बन्धमा

३. टुहुरा बालबालिकालाई छात्रबृत्ति वितरण सम्बन्धमा

४. नदिजन्य सामाग्री उत्खन्नको लागि स्थान यकिन गर्ने सम्बन्धमा ।

५. ट्याक्टर व्यवसायीको माग सम्बन्धमा

६. विविध

कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाका नगर प्रमुख श्री छायाराम खनालको संयोजकत्वमा तपसिलमा उल्लिखित पदाधिकारीहरु रहेको नगरस्तरीय सडक समन्बय समिति गठन गर्ने ।

| | |
|---|---|
| १. नगर प्रमुख- | -संयोजक |
| २. नगर उपप्रमुख- | -सदस्य |
| ३. कार्यपालिकाका सदस्यहरू | -सदस्य |
| ४. विषयगत शाखाका प्रमुखहरू | -सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

निर्णय नं. २

भीरकोट नगरपालिका क्षेत्र भित्र नगरपालिका स्थापना हुनु अगाडि निर्माण भएका घर/भवन अभिलेखीकरण गर्ने प्रयोजनको लागि तयार भई कार्यपालिका बैठकमा पेश भएको भीरकोट नगरपालिकाको घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

निर्णय नं ३

भीरकोट नगरपालिका क्षेत्रमा बसोबास गर्ने बाबु आमा दुबै जनाको मृत्यु भई टुहुरा भएका बालबालिकाहरुलाइ बाबु आमाको मृत्यु दर्ता प्रमाण पत्र, बालबालिकाको जन्म दर्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिसको आधारमा टुहुरा बालबालिकाको परिचय पत्र दिइ २०७८ साल भाद्र महिना देखि मासिक रु १०००।- भत्ता दिने ।

निर्णय नं ४

भीरकोट नगरपालिका वडा नं ४ ओढारे देखि वडा नं १ को हेलुसम्म भीरकोट नगरपालिका क्षेत्रभित्र आँधिखोलामा रहेको Over Bank नदीजन्य पदार्थ प्राबिधिकको सल्लाह अनुसार नदीको बहाब परिबर्तन नहुने गरी उत्खनन्/निकासी गरी आँधीखोलाको ब्यबस्थापन गर्ने ।

निर्णय नं. ५

भीरकोट नगरपालिका क्षेत्र भित्र ब्यबसाय गर्ने टयाक्टर ब्यबसायीसंग सम्झौता गरी एकमुष्ट रु ५००००।०० लिई २०७८ मंसिर महिनामा २२ दिनको लागि नगरपालिकाले तोकिदिएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ उत्खनन् र निकासी गर्ने आँधीखोला खुला गर्ने ।

प्रशासकीय अधिकृत

**निर्णय नं ६**

भीरकोट नगरपालिकाको शैक्षिक, धार्मिक, सांस्कृतिक, ऐतिहाँसिक, विज्ञान, कला र साहित्यिक क्षेत्रको बिकास संरक्षण र सम्बर्द्धन गर्ने प्रयोजनका लागि भीरकोट प्रज्ञा प्रतिष्ठान गठन गर्ने ।

**निर्णय नं. ७**

भीरकोट नगरपालिका अन्तर्गतका सामुदायिक बिद्यालयमा कार्यरत बालविकास सहजकर्ता र बिद्यालयका कर्मचारीहरुलाइ २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक उपलब्ध गराउने ।

**निर्णय नं. ७**

ग्रिन हेराल्ड ईन्भारोमेन्टल एण्ड ईन्जिनियरिङ्ग कन्सल्ट प्रालिबाट तयार गरिएको भीरकोट नगरपालिका-१, फर्दवास क्षेत्रमा स्थापना गरिएको ग्रिजी स्क्रिनिंग भाईब्रेटर मेशिनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ८**

भीरकोट नगरपालिका वडा नं. ३ स्थित बयरघारी-बानेथोक-बिरूवा ग्रामिण सडक खण्डको मुकुन्दबारी गिट्टीगैरामा गिट्टी/बालुवा उत्खनन् गर्दा घोराखोरी सामूदायिक वन र बयरघारी-बानेथोक-बिरूवा ग्रामिण सडक समेतलाई क्षति पुग्ने गरी भूक्षय हुने संभावना रहेको हुँदा उक्त कार्य नगर्न नगराउन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रवाह गर्ने । सूचनाको अवज्ञा गरी उक्त स्थानबाट गिट्टी/बालुवा उत्खनन्/निकासी गरेको पाईएमा कानून बमोजिम दण्ड, जरिवाना गर्ने ।

**निर्णय नं. ९**

नगरपालिका स्थापना भए पछि घर/भवन निर्माण कार्यका लागि नक्सापास गरी निर्माण कार्य पुरा गरेका तर घर सम्पन्न प्रमाणपत्र नलिएका र नक्सापास गरी निर्माण कार्य सम्पन्न नभएका घरहरूको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क. नगरपालिका स्थापना भएपछि नक्सापासको लागि दर्ता भएका र त्यस पछिका प्रक्रिया पुरा नगरेका संरचनाको हकमा प्राबिधिक प्रतिबेदन र structural report को आधारमा हालको दस्तुरमा थप तेब्बर दस्तुर लिई नक्शा नियमित गर्ने ।

ख. नगरपालिका स्थापना भएपछि नक्सापासको लागि दर्ता भई प्लिन्थ लेभल सम्मको अनुमति लिई थप प्रक्रिया पुरा नगरेको संरचनाको हकमा प्राविधिक प्रतिवेदन र structural report को आधारमा हालको दस्तुरमा थप तेब्बर दस्तुर लिई नक्शा पास गर्ने ।

ग. नगरपालिका स्थापना भएपछि नक्सापासको प्रक्रियामा रहेका र भवन सम्पन्न गर्ने म्याद सकिएको हकमा निम्न लिखित दस्तुर लिई दुई बर्षको लागि भवन निर्माण गर्ने म्याद थप गर्ने ।

१. इजाजत लिएको मितिबाट २ वर्ष कटी २ वर्ष ६ महिनाभित्रमा निबेदन दिएको हकमा हाल कायम रहेको दस्तुरमा थप दश प्रतिशत दस्तुर लाग्ने ।

२. इजाजत लिएको मितिबाट २ वर्ष ६ महिना कटी ३ वर्षभित्रमा निबेदन दिएको हकमा हाल कायम रहेको दस्तुरमा थप पन्ध्र प्रतिशत दस्तुर लाग्ने ।

३. इजाजत लिएको मितिबाट ३ वर्ष कटी ४ वर्षभित्रमा निबेदन दिएको हकमा हाल कायम रहेको दस्तुरमा थप पच्चीस प्रतिशत दस्तुर लाग्ने ।

४. इजाजत लिएको मितिबाट ४ बर्ष कटी निबेदन दिएको हकमा प्राबिधिक प्रतिबेदन र structural report को आधारमा हाल कायम रहेको दस्तुरमा थप तेब्बर दस्तुर लिई नक्शा नियमित गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत